# Living the Lotus 1

## *Buddhism in Everyday Life*

2025
VOL. 232



























## रिश्शो कोसेइ काइ ओक्लहोमा


**Living the Lotus**
**Vol. 232 (January 2025)**

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्ट्य बिभाग


फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp


प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक: नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्ट्य बिभाग कर्मचारी


रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।
रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो । हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्ट्य अन्तराष्ट्य स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो । यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ ।

*President's Message*




# सबै शाद्वल

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## नयाँबर्ष नामको “पहिलो स्टेशन

सबैलाई नयाँबर्षको धेरै शुभकामना। बर्षको सुरुवातलाई सबैले स्वागत गरेर सबै मिलेर नयाँ सुरुवात गरिने जापानको नयाँ बर्ष भन्नु पर्दा एक बर्षको “पहिलो स्टेशन” भन्दा पनि हुन्छ। साथमा नयाँ बर्षमा अघिल्लो बर्षको प्रायष्चित गरी नयाँ प्रण गरी मनलाई चोख्याउने अबसर पनि भएकोले जापानि कवी मोचिकी साइतोले “नयाँ बर्षको सुरुवातमा केहि गर्छु भन्ने मनन गरी कर्व्यानन” भने झै यो पहिलो स्टेशनबाट यो बर्ष गरिने यात्रको तयारी गर्ने बेला हो। अब तपाईहंरुले यो बर्ष के गर्छु भनेर “मनन गर्नु भएको छ त ?।

म सबैको कृपाले ८८ बर्ष लाग्ने छु र यो कुरामा म धेरै आभरी र खुशी छु। तर जती बर्ष भए पनि अझै राम्रो गर्छु भन्ने मानिसको प्रबृती हो र ८८ बर्षको जिन्दगीको “हरेक स्टेशन” पार गर्दै फेरी अर्को ठाउँमा जाने छु भनेर सोचेको छु। यो अर्थमा यो बर्ष पनि सधै झै भक्ती र मेहेनत गर्नेछु भन्ने कुरा नबिर्सी अघी बढ्दै जाने छु भन्ने कामना गरेको छु।

यि मेरा कहिले पनि परिवर्तन नहुने “वार्षिक प्रण” हुन तर अचेल अलि धेरै मनन गरेको कुरा “ब्यक्ती बिकास” मा अलि धेरै ध्यान दिने गरेको छु।

अन्तरिक्षमा तैरिरहेको को यो निलो जल भएको ग्रहको वातावरण को प्रदुषण र त्यहाँ बस्ने मानिसबिचको जारी द्वन्द। यो यथार्थ बिचार गर्दा हामीले अरुको पिडा बुझ्ने मानवता भएको मानिस बिकास गर्न आफैले “योजना” गर्छु भन्ने कुरा कती महत्व हुन्छ भनेर बुझिन्छ। मानिसको मन अनि वातावरण दुबै सन्तुलित र सुन्दर पृथ्वीको भबिष्य सुनिस्चित गर्नु हाम्रो अहम जिम्बेबारी हो।

## मनमा बृक्ष हुर्काउने

मैले पहिलादेखी यो संस्थाको १००औ बर्षमा पुग्न लाग्दा "मानिस हुर्काउने" महत्वको बारेमा दर्शाउदै आएको छु । त्यो भनेको हामी बौधधर्मालुले आफ्नो खुशी मात्र होईन कि परिवार अनि समाज तेस्पछी टाढाका देशको मान्छे पनि खुशी हुन र मुक्ती पाउन भनेर कामना गरी करुणको मनले बोधिसत्व कर्म हुर्काउन पर्छ ।

मानिसको मनमा शान्ति दिलाएर मतलब "शाद्वाला" मतलन "ओएशिस" बास गर्ने बोधिसत्व मन नै तेस्तो ठाउ हो । अनि तेस्ता मान्छे जम्मा हुने समाजको संघ भन्ने शाद्वलको निर्माण हुन्छ तेसले मानिसको मन नरम बनाउने स्थान बढेको देखेमा मेरो सपना साकार हुन्छ । पक्कै पनि यो हाम्रो संस्थाको बिकाश मात्र होईन कि मानव जातको अनि पृथ्वीको भबिष्यको खतरा देख्दा पनि एस्तो सपना आएको हो ।


धेरै पहिला शाक्यमुनी जस्तालाई समेत मार्नु पछ भन्ने मानिस थिए र मानवको सुरुवात्देखी आफुले चहेको जस्तो मात्र गर्ने मानिसको लालच परिवर्तन त भएको छैन बरु एस्तो कुरा अनि हिंशा अझै बढ्दै गएको छ । तर लालचको सिमना नभए जस्तै "सपनको पनि सिमना हुनुहुन्न" भनेर अग्रजहरुले सिकाएका छन ।

बुद्धधर्म मान्नेकोनिम्ती अरुको प्राण लिनु "हत्या" भनेको सबै भन्दा ठुलो पाप हो । तेसैले हामी दयाका शब्दले करुणा अभ्यास गरी हरेक दिन हरेक प्राणको सम्मान या अरु र आफु एकै हौ भन्ने मनन गर्नु पर्छ । एस्तो अभ्यास गरी अरुको मनमा अर्को ओएशिस बन्छ र त्यहाँ धेरै बनस्पती हुर्कने गर्दछ । यसरी हामीले अरुसँग मिलेर कृतज्ञ हुँदै अहिलेको क्षणमा बाच्नु नै संस्थापकले "भबिष्य बनाउने जिम्बेबारिप्रती नमन" भन्ने शब्द प्रयोग गर्नु भएको छ र साथमा यो भबिष्यसँग जोडिने "भबिष्य नमन" पनि हो ।






# A Global Buddhist Movement




**Information about local Dharma centers**

**facebook**

**X**

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp